# जलस्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७५

## महाकाली नगरपालीका, दार्चुला

## प्रस्तावना :

महाकाली नगरपालीका भित्रको भूमिगत वा भू-सतहमा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न एवम् त्यस्तो उपयोगबाट हुने वातावरणीय एवम् अन्य प्रकारका हानी नोक्सानीलाई रोकथाम गर्ने तथा जलस्रोतलाई प्रदुषण मुक्त राख्ने सम्वन्धमा कानुनी व्यवस्था गर्नु वाञ्छनीय भएकोले, नेपालको संविधान बमोजिमको कार्य गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (१०२) ले दिएको अधिकार प्रयोग गरी महाकाली नगरपालीकाको नगर कार्यपालीकाबाट **"जलस्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७५"** स्वीकृत गरी लागु गरिएको छ ।

### परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधिको नाम "जलस्रोत उपयोग सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ,

(ख) "जलस्रोत" भन्नाले महाकाली नगरपालीकाको क्षेत्र भित्रको भु-सतहमा वा भूमिगत वा अन्य जुन सुकै अवस्थामा रहेको पानी सम्झनु पर्छ ।

(ग) "महाकाली नगरपालिकाको जलस्रोत समिति" भन्नाले दफा ९ बमोजिम गठन भएको महाकाली नगरपालीकाको जलस्रोत उपयोग समिति सम्झनु पर्छ ।

(घ) "अनुमति-पत्र प्राप्त व्यक्ति" भन्नाले जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्न महाकाली नगरपालीकाबाट कार्यविधिको दफा ११ र १२ वमोजिम अनुमति-पत्र प्राप्त व्यक्ति वा संगठित संस्थालाई सम्झनुपर्छ ।

(ङ) "सर्वेक्षण" भन्नाले जलस्रोत उपयोगको लागि गरिने सम्भाव्यता अध्ययन, बिस्तृत इन्जिनियरिङ्ग डिजाइनको कार्य र त्यसको लागि गरिने अन्वेषणको कार्य समेत सम्झनु पर्छ ।

(च) "उपभोक्ता संस्था " भन्नाले दफा ४ वमोजिम गठित संस्था सम्झनु पर्दछ ।

(छ) "घरेलु उद्योग" भन्नाले दफा ५ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको उद्योग सम्झनुपर्छ ।

(ज) "सेवा शुल्क" भन्नाले अनुमति-पत्रप्राप्त व्यक्ति वा संगठित संस्थाले उपलव्ध गराएको जलस्रोत सम्बन्धी सेवा उपयोग गरे वापत उपभोक्ताले वुझाउनु पर्ने शुल्क सम्झनु पर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद-२
## जलस्रोतको उपयोग सम्बन्धी व्यवस्था

३. **जलस्रोतको उपयोग :** (१) यस कार्यविधि बमोजिम अनुमति–पत्र प्राप्त नगरी कसैले पनि महाकाली नगरपालीका क्षेत्र भित्र जलस्रोतको उपयोग गर्न पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय वमोजिम जलस्रोतको उपयोग गर्न अनुमति–पत्र लिनु पर्ने छैन् ।

(क) आफ्नो स्वामीत्वमा भएको स्रोत आफ्नो सोहि जग्गा निमित्त सिंचाई खानेपानी र अन्य घरेलु प्रयोगको लागि उपयोग गर्न,

(ख) सामुदायिक सहमतिमा आफ्नो स्रोतको जलस्रोत आफ्नै जग्गामा सिंचाई गर्न,

(ग) आफ्नो स्वामीत्वमा भएको क्षेत्रमा अवस्थित जलस्रोत घरेलु उद्योगको रुपमा वा पानीघट्ट वा पनचक्की चलाउन,

४. **जलस्रोत उपयोग उपभोक्ता संस्थाको गठनः** (१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले वा समुदायले कार्यविधि बमोजिम पदाधिकारी तथा सदस्य सहित कम्तीमा ७ (सात) सदस्यीय जलस्रोत उपयोग उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको जलस्रोत उपभोक्ता संस्थालाई महाकाली नगरपालीकाको जलस्रोत उपयोग समितिमा दर्ता गराउनु पर्नेछ, जलस्रोत उपयोग उपभोक्ता संस्था दर्ता गराउदा अनुसूचि ६ बमोजिम तोकिएको दस्तुर सहित अनुसूचि १ को ढाँचामा आवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश गरेको आवेदन संग संलग्न विधानमा देहायका विवरण खुलाउनु पर्नेछ ।

(क) पूरा नाम र ठेगाना,
(ख) उद्देश्य तथा कार्य क्षेत्र,
(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,
(घ) सदस्यको निष्काशन र राजीनामा,
(ङ) हक दावी, नामासारी वा हकवालाको मनोनयन,
(च) साधारण सभा सम्वन्धी,
(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम, कर्तव्य तथा अधिकार सम्बन्धी),
(ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था,
(झ) सञ्चालक समितिको बैठक सम्वन्धी कार्यविधि,
(ञ) कोष र लेखा परीक्षण,
(ट) विधान संशोधन,
(ठ) विघटन,
(ड) विविध
(ढ) बचाउ तथा खारेजी ।

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय दार्चुला सुदूर पश्चिम प्रदेश, नेपाल

०७५/०३/०८

(४) उपदफा (२) बमोजिम दर्ता भएको जलस्रोत उपभोक्ता संस्था अविछिन्न उत्तराधिकारवाला स्व-शासित र संगठित संस्था हुनेछ तर संस्थाले जलस्रोत सर्वेक्षणको लागि कार्यविधिको दफा ११ बमोजिम र जलस्रोत उपयोगको लागि कार्यविधिको दफा १२ बमोजिम अनुमति–पत्र लिनु पर्नेछ,

(५) संस्थाको विधान संशोधन गर्नु पर्ने भएमा विधानको प्रक्रिया पुरा गरी जलस्रोत उपयोग समिति समक्ष पेश गर्नु पर्नेछ समितिले तत्सम्बन्धी आवश्यक जाँचबुझ गरी विधान संशोधनको स्वीकृति दिन सक्नेछ,

(६) महाकाली नगरपालिकाको जलस्रोत समितिको सिफारिसमा दर्ता भएको जलस्रोत उपभोक्ता संस्थालाई दफा ११ र १२ बमोजिम अनुमति–पत्र दिनु पर्नेछ र अनुसूचि २ बमोजिमको ढाँचामा संस्था दर्ता प्रमाण–पत्र दिईनेछ ।

(७) दफा ९ बमोजिम गठित समितिको सिफारिसमा उपदफा ५ बमोजिमको प्रमाण–पत्र, दफा ११ र १२ बमोजिमको अनुमति–पत्र र दफा १३ बमोजिम नामसारी–पत्र प्रमुख प्रशासकीय अधिकृतले जारी गर्नेछ ।

५. **जलस्रोत उपयोगको प्राथमिकता क्रम** : (१) महाकाली नगरपालिका भित्रको जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नु पर्नेछ ।

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाई,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपभोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोद जन्य उपयोग (मनोरञ्जन–स्वीमीङ्ग आदि),

(झ) अन्य उपयोग ।

(२) जलस्रोत सर्वेक्षण तथा जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा दफा ९ बमोजिम गठित समितिले उपदफा (१) मा उल्लेखित प्राथमिकता क्रम वमोजिम उचित रुपमा उपयोग भए नभएको र अन्य आवश्यक जाँचबुझ समेत गरी सोको आधारमा सम्वन्धीत जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा उपयोग गर्न पाउने प्रक्रियाको प्राथमिकता निर्धारण गर्नेछ । यसरी निर्धारण गरेको प्राथमिकता सम्बन्धी सबैलाई मान्य हुनेछ ।

६. **नगरपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्ने** : (१) महाकाली नगरपालीका आफैले कुनै जलस्रोतको उपयोग वा विकास संग सम्वन्धी विकास परियोजना निर्माण गर्नमा यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन ।

(२) कसैले यस कार्यविधि बमोजिम उपयोग गरेको जलस्रोत र सो संग सम्बन्धित जग्गा, भवन, उपकरण, तथा संरचनालाई व्यापक सार्वजनिक उपयोगका लागि महाकाली नगरपालिकाले आफ्नो स्वामित्वमा लिई विकास गर्न सक्नेछ ।

०७५/०३/०८

(३) उपदफा (२) बमोजिम आफुले लिएको जलस्रोतको उपयोगिता सम्बन्धित जग्गा, भवन, उपकरण, वा संरचना वापत नगरपालिकाले सम्बन्धीत व्यक्ति/संस्थालाई तोकिए बमोजिम क्षतिपुर्ति दिनेछ ।

(४) महाकाली नगरपालीकाले आफ्नो क्षेत्र भित्र रहेका सार्वजनिक जलस्रोतहरुलाई विभिन्न परियोजनाको रुपमा विकास गर्न कार्य योजना बनाई कार्यान्वयन गर्न सक्नेछ ।

(५) महाकाली नगरपालीकाले आफ्नो क्षेत्र भित्र अन्य व्यक्ति, निकाय वा संगठित संस्थाले उपयोग गरी रहेको जलस्रोतलाई निजहरुसंगको समन्वयमा पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न आवश्यक कार्ययोजना बनाई कार्यान्वयन गर्न सक्नेछ ।

(६) अनुमति प्राप्त व्यक्तिले जलस्रोत उपयोगको सेवा अन्य व्यक्ति वा संस्थालाई औद्योगिक तथा व्यापारीक प्रयोजनको लागि सेवा उपलब्ध गराउन महाकाली नगरपालिकाको जलस्रोत समितिबाट अनुमति लिनु पर्नेछ यसरी थप सेवा उपलब्ध गराए बाफत स्थानीय तहलाई अनुसूचि ८ बमोजिमको बार्षिक शुल्क तिर्नु पर्नेछ ।

**७. जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने :** (१) महाकाली नगरपालिकाले दफा ६ बमोजिम विकास गरेको कुनै जलस्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भए पश्चात जलस्रोत उपभोक्ता संस्थालाई आवश्यक शर्तहरु तोकी अनुमति प्राप्त व्यक्तिलाई हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको जलस्रोत परियोजनाको स्वामीत्व सम्बन्धीत अनुमति प्राप्त व्यक्तिमा रहनेछ ,

(३) अनुमति प्राप्त नगरेको व्यक्ति वा संस्थालाई जलस्रोत विकास परियोजना हस्तान्तरण गर्दा यस कार्यविधिको अधिनमा रही आफुले अनुमति-पत्र प्राप्त गरे सरह सो जलस्रोत विकास परियोजनाको संचालन तथा व्यवस्थापन सम्बन्धी जलस्रोत उपभोक्ता संस्थाले गर्नेछ ।

**८. जलस्रोतको उपयोगको लागि करार सम्झौता गर्न सक्ने :** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि महाकाली नगरपालिकाले कुनै संगठित संस्था वा व्यक्ति संग प्रचलित कानुनको अधिनमा रही करार सम्झौता गरी सोही करार सम्झौतामा उल्लेखित शर्तहरु वमोजिम कुनै जलस्रोतको विकास, उपयोग र सेवा बिस्तार गर्न, गराउन सक्नेछ ।

## परिच्छेद-३

## महाकाली नगरपालिकाको जलस्रोत समिति सम्वन्धी व्यवस्था

**९. महाकाली नगरपालिकाको जलस्रोत समितिको गठन :** (१) महाकाली नगरपालिका भित्र रहेको जलस्रोत उपयोगको आवश्यक अध्ययन अनुसन्धान जलस्रोत सर्वेक्षण एवम् जलस्रोत उपयोगको लागि अनुमति प्रदान गर्न तथा तोकिए बमोजिम नगरेमा अनुमति-पत्र खारेज गर्ने प्रयोजनको लागि महाकाली नगरपालिकाको जलस्रोत समिति गठन गरिनेछ ।

(२) महाकाली नगरपालीकाको जलस्रोत समिति देहाय बमोजिम गठन हुनेछन ।

(क) नगर प्रमुख ........................................ १ जना अध्यक्ष

(ख) उपप्रमुख ........................................ १ जना सदस्य

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय

(ग) स्थानीय जलस्रोत अवस्थित वडाको वडा अध्यक्ष ....... १ जना सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत ................................ १ जना सदस्य

(ङ) सम्बन्धीत विषयगत समितिको संयोजक .................१ जना सदस्य

(च) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख १ जना सदस्य

(छ) योजना तथा अनुगमन उपशाखा प्रमुख ............... १ जना सदस्य–सचिव

(३) कार्यविधिको दफा २ बमोजिम गठन गरिएको समितिमा अन्य बिषय बिज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

(४)महाकाली नगरपालिकाको जलस्रोत समितिको वैठक सम्बन्धी कार्यविधि समिति स्वयम्ले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. महाकाली नगरपालिकाको जलस्रोत समितिको काम कर्तव्य र अधिकार** : (१) महाकाली नगरपालिकाको जलस्रोत समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कार्यविधिको दफा ९ बमोजिम जलस्रोत उपयोग र जलस्रोत सर्वेक्षण सम्वन्धमा अनुमति–पत्र प्रदान गर्न सिफारिस गर्ने,

(ख) जलस्रोत उपयोग सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी महाकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय समक्ष पेश गर्ने,

(ग) परम्परा देखि उपयोगमा रहेका जलस्रोतहरुलाई जलस्रोत उपयोग कार्यविधि २०७५ को अधिनमा ल्याउन पहल गर्ने,

(घ) जलस्रोत उपयोग सम्बन्धमा विवाद उत्पन्न भएमा, समस्या सृजना भएमा वा परम्परा देखि जलस्रोत उपयोग गरेकोमा वा अन्यथा भएको देखिएमा आवश्यक जाँचबुझ गर्ने गराउने,

(ङ) खण्ड (ग) बमोजिम जाँचबुझ गर्दा वा गराउँदा तोकिएको शर्त बमोजिम जलस्रोतको उपयोग नभएको वा नगरेको देखिएमा त्यस कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानुन बमोजिम कारवाही गर्न स्थानीय प्रशासनलाई सिफारिस गरी पठाउने,

(च) कार्य विधि बमोजिम प्राप्त अनुमति–पत्र हस्तान्तरण गर्न, नामसारी गर्न वा खारेज गर्न सिफारिस गर्ने,

(छ) तोकिए बमोजिमका अन्य कार्यहरु सम्पादन गर्ने ।

(२) स्थानीय जलस्रोत उपयोग तथा व्यवस्थापन सम्बन्धी प्रदेश कानुन तथा संघीय कानुन बमोजिम तोकिएको कार्य सम्पादन गर्ने ।

## परिच्छेद-४

## अनुमति–पत्र सम्बन्धीतव्यवस्था

**११. जलस्रोत सर्वेक्षण अनुमति–पत्रको व्यवस्था** : (१) जलस्रोतको सर्भेक्षण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धीत विषयको आर्थिक, प्राविधिक, सामाजिक र तोकिए बमोजिमका अन्य विवरणहरु

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय दार्चुला सुदुर पश्चिम प्रदेश



२०७५/०३/०८

खुलाई महाकाली नगरपालीकाको कार्यालयमा जलस्रोतको सर्भेक्षणको अनुमति–पत्रको लागि अनुसूचि ७ मा तोकिए बमोजिम दस्तुर सहित अनुसूचि ३ ढाँचामा आवेदन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिका लागि प्राप्त आवेदनहरुको सम्बन्धमा महाकाली नगरपालिकाबाट तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गरी/गराई आवेदन प्राप्त भएको मितिले जलस्रोत सर्वेक्षणको अनुमति–पत्रको हकमा सामान्यतया ३० दिन भित्र आवश्यक शर्तहरु तोकी दफा ५ को उपदफा (१) मा उल्लेखित प्राथमिकता क्रम अनुसार आवेदकलाई दफा ९ बमोजिम गठित समितिको सिफारिसमा अनुसचि ४ बमोजिमको ढाँचामा अनुमति–पत्र दिईनेछ ।

(३) जलस्रोत सर्वेक्षण अनुमति–पत्र दफा ९ बमोजिम गठित समितिको सिफारिसमा आर्थिक बर्षको असार मसान्त सम्मको लागि अनुमति दिईनेछ, सो अवधि समाप्त भए पछि दफा १४ बमोजिम नियमित नबीकरण गराउनु पर्नेछ ।

(४) दफा ११ बमोजिम दिईने सर्वेक्षण अनुमति–पत्रमा उल्लेखित अवधिभर सोही क्षेत्रमा सोही कामको सर्वेक्षण गर्न पाउँने गरी दोहोरो अनुमति–पत्र दिईनेछैन् ।

(५) अनुमति–पत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति–पत्र बिक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण वा नामसारी गर्नु परेमा दफा १५ बमोजिम हुनेछ ।

**१२. जलस्रोत उपयोग अनुमति–पत्रको व्यवस्था :** (१) जलस्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धीत विषयको आर्थिक, प्राविधिक, सामाजिक र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमका अन्य विवरणहरु खुलाई महाकाली नगरपालीकाको कार्यालयमा जलस्रोत उपयोग गर्ने अनुमति–पत्रको लागि अनुसूचि ७ मा तोकिए बमोजिम दस्तुर सहित अनुसूचि ५ बमोजिमको ढाँचामा आवेदन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आवेदन पेश गर्दा देहायको विवरण खुलाई जलस्रोत उपयोग समिति समक्ष पेश गर्नु पर्नेछ ।

(क) परियोजनाको विस्तृत विवरण (परियोजना स्थलको नक्शा, उपयोग गरिने पानीको स्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय, लागत, परियोजनाको सहभागीहरूको नाम र तिनीहरूको संलग्नताको किसिम, परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठित संस्था तथा त्यस्तो संस्थाका सञ्चालकहरूको नाम, थर र वतन समेत स्पष्ट रूपमा खुलाउनु पर्छ ।

(ख) सम्भाव्यताको बिश्लेषण (परियोजनाको विस्तृत नक्शा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरूको विवरण),

(ग) वित्तीय व्यवस्था (परियोजनाको अनुमानित वित्तीय व्यवस्था, परियोजनाका लगानीकर्ताहरूको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्ष रूपले सहभागी हुने वित्तीय संस्थाहरूको प्रतिवद्धता र लागनीकर्ताहरूको दायित्व तथा शेयर पूँजी र ऋणको प्रतिशत),

(घ) घर जग्गाको उपयोग वा प्राप्ती (परियोजना निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरूको लगत),

०७५/०३/०८

(ङ) वातावरणीय प्रभाव विश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यून गर्न अपनाउने उपायहरू तथा जलस्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरू, परियोजनाले सम्वन्धीत क्षेत्रमा पार्न सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत र साधनको उपयोग, परियोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरूले पाउने लाभ, निर्माण तथा सञ्चालन सम्भार सम्वन्धमा स्थानीय जनतालाई दिइने तालिम, निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरू, सुरक्षात्मक व्यवस्थाहरू तथा परियोजना सञ्चालनबाट सम्वन्धीत जग्गाधनीहरूलाई पर्न सक्ने असर, विस्थापित जनसंख्याको लगत र तिनीहरूको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रूपमा खुलाउनु पर्छ ,

(च) अन्य आवश्यक कुराहरू ।

(३) उपदफा (१) वमोजिम अनुमतिका लागि प्राप्त आवेदनहरुको सम्बन्धमा महाकाली नगरपालिकाबाट तोकिएको अधिकारीले आवश्यक जाँचवुझ गरी/गराई आवेदन प्राप्त भएको मितिले जलस्रोत उपयोगको अनुमति–पत्रको हकमा सामान्यतया ९० दिन भित्र आवश्यक शर्तहरु तोकी दफा ५ को उपदफा (१) मा उल्लेखित प्राथमिकताक्रम अनुसार आवेदकलाई दफा ९ बमोजिम गठित समितिको सिफारिसको आधारमा अनुसचि ६ बमोजिमको ढाँचामा अनुमति–पत्र दिनु पर्नेछ ।

(४) जलस्रोत उपयोग अनुमति–पत्र दफा ९ बमोजिम गठित समितिको सिफारिसमा आर्थिक बर्षको असार मसान्त सम्मको लागि अनुमति दिईनेछ, सो अवधि समाप्त भए पछि दफा १४ बमोजिम नियमित नवीकरण गराउनु पर्नेछ ।

(५) अनुमति–पत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति–पत्र बिक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण वा नामसारी गर्नु परेमा दफा १५ बमोजिम हुनेछ ।

**१३. जलविद्युतको लागि जलस्रोतको उपयोग** : दफा ६ मा जुनसुकै कुरा लेखिएको भएता पनि जलविद्युत उत्पादनको गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमति–पत्रको सम्वन्धमा प्रचलित कानुन वमोजिम हुनेछ ।

**१४. अनुमति–पत्र नवीकरण गर्ने** : (१) यो कार्यविधि बमोजिम जलस्रोतको सर्वेक्षण वा जलस्रोत उपयोगको लागि दिइएको अनुमति–पत्रमा प्रत्येक आर्थिक बर्षको लागि नियमित नवीकरण गर्नु पर्नेछ ।

(२) यो कार्यविधि वमोजिम जलस्रोतको सर्वेक्षण वा जलस्रोत उपयोगको लागि दिइएको अनुमति–पत्रमा उल्लेखित अवधि समाप्त भएको मितिले ३ महिना भित्र अनुसूचि ७ बमोजिम तोकिएको नवीकरण दस्तुर बुझाई अनुमति–पत्र अनुमति प्रदान गर्ने निकायबाट नवीकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) अनुसारको अनुमति–पत्र नवीकरणको अवधि समाप्त भएको मितिले ६ महिना भित्र अनुसूचि ७ मा तोकिएको नवीकरण दस्तुरको दोव्बर दस्तुर लिई नवीकरण गर्न सकिने छ ।

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दार्चुला
सुदूर पश्चिम प्रदेश, नेपाल

२०८२/०३/०८

(४) संस्थागत अनुमति–पत्र नवीकरण गर्दा बार्षिक प्रगति प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण–पत्र संलग्न गर्नु पर्नेछ ।

(५)

१५. **अनुमति–पत्र नामसारी सम्बन्धी व्यवस्था** : (१) अनुमति प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र बिक्री गर्न, नामसारी गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्नु परेमा अनुमति–पत्र प्राप्त व्यक्तिले आधिकारीक मन्जुरीनामा सहित महाकाली नगरपालिकाको जलस्रोत उपयोग समिति समक्ष निवेदन दिनु पर्नेछ,

(२) कार्यविधि बमोजिम प्राप्त जलस्रोत सर्वेक्षण र जलस्रोत उपयोग अनुमति–पत्र बिक्री वा नामसारी गर्नु पर्ने भएमा आवश्यक जाँचबुझ गरी अनुसूचि ७ बमोजिम नामसारी- दस्तुर लिई अनुमति–पत्र नामसारी गर्न समितिले स्वीकृति दिन सक्नेछ ।

१६. **अनुमति–पत्र खारेज गर्न सकिने** : (१) अनुमति–पत्र प्राप्त व्यक्तिले यो कार्यविधि वा कार्यविधि अन्तरगत बनेको मापदण्ड विपरित कुनै काम गरेमा दफा ९ बमोजिम गठित समितिको सिफारिसमा तोकिएको अधिकारीले निश्चित अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम तोकिएको अवधि भित्र अनुमति–पत्र प्राप्त व्यक्तिले आवश्यक सुधार नगरेमा त्यस्तो व्यक्ति वा संस्थाले पाएको अनुमति–पत्र दफा ९ बमोजिम गठित समितिले खारेज गर्न सक्नेछ ।

(३)उपदफा (२) वमोजिम अनुमति–पत्र खारेज गर्नु अघि सम्वन्धीत अनुमति–पत्र प्राप्त व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मुनासिव मौका दिनु पर्नेछ ।

(४) कार्यविधिको दफा १४ बमोजिम नवीकरण नगराएमा अनुमति–पत्र स्वतः खारेज हुनेछ ।

## परिच्छेद-५

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

१७. **सजाय सम्बन्धीत ब्यवस्था** : (१) यस कार्यविधि वा कार्यविधि अन्तरगत बनेको मापदण्ड उलंघन गरेको पाईएमा निजलाई महाकाली नगरपालिकाको जलस्रोत समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय अनुसार ५ हजार देखि २५ हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरवाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजवाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपुर्ति भराई दिन सक्नेछ ।

(२) यस कार्यविधि वमोजिम अनुमति–पत्र लिनु पर्नेमा सो नलिई वा अनुमति–पत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोत सर्वेक्षण वा जलस्रोतको उपयोग गरेमा निजलाई महाकाली नगरपालिकाको जलस्रोत समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय अनुसार ५ हजार देखि २५ हजार रुपैया सम्म जारिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

(३) यस कार्यविधि वमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतवाट उत्पन्न सेवा चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकृत रुपमा प्रयोग गरेमा महाकाली नगरपालिकाको

जलस्रोत समितिको सिफारिसमा नगर कार्यपालिकाले निजबाट विगो असुल गरी निजलाई विगो वमोजिम जारिवाना समेत गर्न सक्नेछ ।

(४) कसैले वदनियत साथ कुनै खानेपानीको मुहान, बाध, नहर, सिंचाई कुलो वा जलस्रोतको उपयोग संग सम्बन्धीत कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा दुरुपयोग गर्न प्रोत्साहित गरेमा निजबाट हानी नोक्सानीको बिगो असुल गरी निजलाई महाकाली नगरपालिकाको जलस्रोत समितिको सिफारिसमा नगरकार्यकालिकाको निर्णय अनुसार बिगो वमोजिम जारिवाना वा ५ बर्ष सम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

१८. **अनुसन्धानको लागि लेखि पठाउन सक्ने** : जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने निकायले यस कार्यविधि वमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा १७ को उपदफा (४) बमोजिमको कसुर गरेको थाहा पाएमा त्यस्तो कसुरका सम्बन्धमा यस कार्यविधि वमोजिम अनुसन्धान गर्नको लागि स्थानीय प्रशासनमा लेखि पठाउन सक्नेछ ।

१९. **मुद्धा सम्बन्धी व्यवस्था** : दफा १७ को उपदफा (४) वमोजिमको सजाय हुने कसूर सम्बन्धी व्यवस्था संघीय कानुन वमोजिम हुनेछ ।

२०. **पुनरावेदन सम्बन्धी व्यवस्था** : यस कार्यविधि वमोजिम जलस्रोत सर्वेक्षण तथा जलस्रोत उपयोगको अनुमति प्रदान गर्ने अधिकारी वा महाकाली नगरपालिकाको जलस्रोत समितिबाट कार्वाही भएकोमा चित्त नवुझ्ने व्यक्तिले त्यस्तो कार्वाहीको निर्णयको जानकारी पाएको मितिले ३५ (पैतीस) दिन भित्र सम्बन्धीत जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-४

## विविध

२१. **सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउने** : (१) अनुमति–पत्र प्राप्त व्यक्तिले आफुले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी सहमतिमा तोकेको शर्तको अधिनमा रही सेवा उपलव्ध गराउन वा त्यस्तो सेवा वापत शुल्क असूल उपर गर्न सक्नेछ ।

(२) अनुमति–पत्र प्राप्त व्यक्तिले आफुले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई व्यापारीक तथा औद्योगिक प्रयोजनकोलागि उपलव्ध गराउन जलस्रोत समितिबाट अनुमति लिनु पर्नेछ ।

(३) महाकाली नगरपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलव्ध गराए नगरपालिकालाई बुझाउनु पर्ने बार्षिक सेवा शुल्क कार्यविधिको दफा ८ बमोजिम गरिएको करार सम्झौता बमोजिम हुनेछ ।

०७५।०३।०८

(४) जलस्रोत उपयोग अनुमति प्राप्त व्यक्तिले जलस्रोतको उपयोग गरी अन्य व्यक्ति तथा संस्थाहरुलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत बार्षिक शुल्क असुल उपर गर्न सक्नेछ ।

(५) उप दफा (३) बमोजिम असुल उपर गर्नु पर्ने बार्षिक शुल्क अनुमति–पत्र प्राप्त व्यक्तिको लेखा परिक्षण प्रतिवेदनमा देखिएको **कुल नाफा आर्जन गरेको रकमको १० प्रतिशत** अनुमति–पत्र नबकिरण गर्दा बार्षिक शुल्क बुझाउनु पर्नेछ ।

२२. **सेवा रोक्न सक्ने :** सेवा उपभोग गरे वापत वुझाउनु पर्ने शुल्क नवुझाउने वा त्यस्तो सेवा अनाधिकृत रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

२३. **अरुको घर जग्गामा प्रवेश गर्न सक्ने :** (१) महाकाली नगरपालिका वा अनुमति–पत्र प्राप्त व्यक्तिले जलस्रोतको सर्वेक्षण वा उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा महाकाली नगरपालिका वा अनुमति–पत्र प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धीत व्यक्तिलाई पुर्व सुचना दिएर त्यस्तो घर जग्गामा प्रवेश गर्न सकिने छ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा महाकाली नगरपालिका वा अनुमति–पत्र प्राप्त व्यक्तिले दफा ९बमोजिम गठित समितिले तोकिए वमोजिम क्षतिपुर्ति दिनेछ ।

(२) जलस्रोत उपयोग तथा विकास प्रयोजनको लागि जग्गा उपलब्ध गराउनु पर्ने भएमा अनुमति प्राप्त व्यक्तिले अनुसूचि ८ बमोजिमको ढाँचामा आवेदन गर्नु पर्नेछ ।

२४. **जलस्रोत संरचनाको सुरक्षा :** (१) जलस्रोतको उपयोग संग सम्बन्धीत कुनै संरचनाको सुरक्षाको लागि अनुमति–पत्र प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयम् आफ्नो विचारमा त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा महाकाली नगरपालिकाले आवश्यक प्रवन्ध मिलाउन स्थानीय प्रशासनलाई लेखि पठाउन सक्नेछ ।

२५. **जलस्रोतलाई प्रदुषित गर्न नहुने :** महाकाली नगरपालिका भित्रको जलस्रोतको प्रदुषण हुने गरी कसैले पनि कुनै किसिमको फोहरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ प्रयोग गरी जलस्रोतलाई प्रदुषित गर्न पाईनेछैन् ।

२६. **वातावरणमा उल्लेखनीय प्रतिकुल असर पार्न नहुने :** महाकाली नगरपालिका भित्रको जलस्रोतको उपयोग गर्दा भु–क्षय, बाढी, पहिरो वा यस्तै अरु कारणद्धारा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्नेछ ।

२७. **नयाँ अनुमति पत्र सम्बन्धी व्यवस्था:** (१) यो कार्यविधि लागु हुनु भन्दा पूर्व महाकाली नगरपालीका क्षेत्र भित्र जलस्रोत उपयोग गरी रहेको व्यक्ति वा संगठित संस्थाले कार्यविधिको दफा ११ र १२ बमोजिमको प्रक्रिया पुऱ्याई यो कार्यविधि प्रारम्भ भएको मितिले १ बर्ष भित्र महाकाली

नगरपालिकाको जलस्रोत समिति समक्ष अनुमतिको लागि कार्यविधिमा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ,

(२) उपदफा (१) बमोजिम पर्न आएका निवेदन उपर समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई कार्यविधिमा तोकिएको ढाँचामा अनुमति–पत्र दिईनेछ सो अनुमति दफा १४ बमोजिम नियमित नवीकरण गर्ने पर्नेछ ।

**२९. कार्यविधि संशोधन सम्बन्धी व्यवस्था:** यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन तथा थपघट गर्नु वान्छनीय भएमा कार्यपालिकाबाट थपघट तथा संशोधन गर्न सकिनेछ ।

अनुसूचि १

(दफा ४ सँग सम्बन्धीत)

श्री अध्यक्षज्यू,

महाकाली नगरपालीका जलस्रोत समिति, दार्चुला

महोदय,

हामीले.........................................................................जलस्रोत उपयोग उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले स्थानीय जलस्रोत उपयोग कार्यविधि, २०७५ को दफा ४ बमोजिम जलस्रोत उपयोग उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति बिधान र ..............................................रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौँ ।

**विवरण:**

१. उपभोक्ता संस्थाको नाम:

२. कार्यक्षेत्र:

३. उद्देश्यहरू:

(क)

(ख)

(ग)

४. सदस्यहरूको नाम ठेगाना पेशा

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

५. उपयोग गरिने जलस्रोतको विवरण:

(क) जलस्रोतका नाम र रहेको ठाउँ:

(ख) जलस्रोतबाट गरिने प्रयोग:

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण:

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग:

६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धीत विवरण:

(क) सेवाको किसिम:

(ख) सेवा पुऱ्याउने क्षेत्र:

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या:

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना:

७. आर्थिक स्रोतको विवरण:

८. कार्यालयको ठेगाना:

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको सही:

नाम:

पद:

ठेगाना:

मितिः

अनुसूची- २

# महाकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

दर्ता नम्बरः

# प्रमाण–पत्र

दर्ता मितिः

श्री........................................ ..........................................

..........................................

महाकाली नगरपालिकाको जलस्रोत उपयोग कार्यविधि २०७५ को दफा ९ बमोजिम गठित जलस्रोत समितिको मिति ............. को निर्णय अनुसार यो प्रमाण–पत्र प्रदान गरिएको छ, जलस्रोत उपयोग कार्यविधि २०७५ बमोजिम कार्य सञ्चालन गर्नु होला ।

सहीः

नाम, थरः

पदः

अनुसूची-३

(दफा ११ संग सम्बन्धीत)

जलस्रोतको उपयोगको सर्वेक्षण अनुमति–पत्रको लागि आवेदन

मितिः...............................

श्री अध्यक्ष ज्यू,

महाकाली नगरपालिकाको जलस्रोत समिति,

खलंगा दार्चुला

............................................. जलस्रोतको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमति–पत्र पाउन स्थानीय जलस्रोत कार्यविधि २०७५ बमोजिम देहायको विवरण खुलाइ यो आवेदन पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. उद्देश्यः

३. सर्वेक्षण गर्ने क्षेत्रः

४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु.......... (पुष्ट्याइँ विवरण संलग्न गर्नुपर्नेछ)

५. सर्वेक्षण गर्ने अवधिः

६. अन्य विवरणहरू

महाकाली नगरपालिकाको जलस्रोत उपयोग कार्यविधि २०७५ बमोजिम माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए सो संस्थाको छाप

सम्बन्धीत व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको नाम र थरः

सहीः

पदः

ठेगानाः

०७५/०५/१०

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूर पश्चिम प्रदेश, नेपाल

अनुसूची ४

(दफा ११ संग सम्बन्धीत)

# महाकाली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

खलंगा, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुमति–पत्र

अनुमति–पत्र संख्या मितिः....................

श्री............................. ................................. तपाईलाई जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोली महाकाली नगरपालिकाका जलस्रोत उपयोग कार्यविधि २०७५ को दफा ११ बमोजिम यो अनुमति–पत्र प्रदान गरिएको छ । नियमानुसार कार्य सम्पन्न गर्नु होला ।

१. व्यक्ति वा संगठित संस्थाको पूरा नाम ठेगानाः

२. जलस्रोत सर्वेक्षणको उद्देश्य

३. जलस्रोत सर्वेक्षणको क्षेत्र

४. सर्वेक्षण गर्ने अवधि

५. अनुमति–पत्र बहाल रहने अवधि

अनुमति–पत्र दिने अधिकारीको नामः

सहीः

पदः

नवीकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-५

(दफा ९ संग सम्बन्धीत)

जलस्रोतको उपयोगको अनुमति–पत्रको लागि आवेदन

मितिः......................

श्री अध्यक्ष ज्यू,
महाकाली नगरपालिकाको जलस्रोत समिति
खलंगा, दार्चुला

............................................... जलस्रोतको उपयोगको निमित्त अनुमति–पत्र पाउन जलस्रोत उपयोग बमोजिम देहायका विवरणहरू समेत खुलाइ यो आवेदन पेश गरेको छ ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. उद्देश्यः
३. उपयोग गर्न खोजेको जलस्रोतको परिमाण र उपयोग गर्ने प्रयोजनः
४. प्रस्तावित जलस्रोत उपयोग गर्ने ठाउँः
५. जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफलः
६. प्रस्तावित उपयोगबाट हुन सक्ने सम्भावित लाभः
७. प्रस्तावित सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः
८. जलस्रोतको उपयोगको लागि लाग्ने अनुमानित रकम र सोको स्रोतः
९. जलस्रोत उपयोग गर्ने तरिकाः
१०. जलस्रोतको हाल भैरहेको र भविष्यमा हुन सक्ने उपयोगः
११. अन्य विवरणहरू

माथि उल्लेखित व्यहोरा ठीक साँचो छ झुट्टा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए सो संस्थाको छाप
सम्बन्धीत व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिने व्यक्तिको नाम, थरः
सहीः
पदः

०७५/०३/०८

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूर पश्चिम प्रदेश

अनुसूची ६

(दफा ९ संग सम्बन्धीत)

# महाकाली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

खलंगा, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

# अनुमति–पत्र

अनुमति–पत्र संख्या　　　　　　　　　　　　　　　　　　मितिः........................

श्री.............................. ...................................

तपाईलाई जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली स्थानीय जलस्रोत उपयोग कार्यविधि २०७५ को दफा १२ बमोजिम यो अनुमति–पत्र प्रदान गरिएको छ ।

१. जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः

२. जलस्रोत उपयोगको उद्देश्यः

३. जलस्रोतको नाम, किसिम र रहेको स्थानः

४. उपयोग गर्न पाउने जलस्रोतको परिमाणः

५. जलस्रोत उपयोगको क्षेत्रः

६. जलस्रोत उपयोग गर्ने तरिकाः

७. प्रस्तावित परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः

८. अन्य शर्तहरु

९. अनुमति–पत्र वहाल रहने अवधिः

अनुमति–पत्र दिने अधिकारीको नामः

सहीः

पदः

नवीकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची ७

(दफा  उप दफा ४ र दफा ११ संग सम्बन्धीत)

जलस्रोत उपयोगको किसिम र दस्तुर

| जलस्रोत उपयोगको किसिम | संस्था दर्ता दस्तुर | सर्वेक्षण अनुमति–पत्र दस्तुर | जल उपयोग अनुमति–पत्र दस्तुर | नवीकरण दस्तुर | नामसारी दस्तुर |
|---|---|---|---|---|---|
| खानेपानी र घरेलु उपयोग प्रयोजन | १००० | १००० | १००० | १००० | २००० |
| सिंचाई प्रयोजन | १००० | १००० | १००० | १००० | २००० |
| पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग | १००० | १००० | १००० | १००० | २००० |
| घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग | २००० | २००० | २००० | २००० | ४००० |
| जल यातायात | ५००० | ५००० | ५००० | ५००० | १०००० |
| आमोद प्रमोदजन्य उपयोग | ५००० | ५००० | ५००० | ५००० | १०००० |
| अन्य उपयोग | ५००० | ५००० | ५००० | ५००० | १०००० |

अनुसूची ८

(दफा २२ संग सम्बन्धीत)

जग्गा उपयोग वा प्राप्ति उपयोगको लागि दरखास्त

मिति......................

श्रीमान् अध्यक्ष

महाकाली नगरपालीकाको जलस्रोत समिति,

खलंगा दार्चुला

महोदय,

जलस्रोतको उपयोगको सिलसिलामा निर्माण कार्य शुरु गर्नका लागि तपसिलमा उल्लेखित घर जग्गा उपयोग गर्नुपर्ने वा प्राप्त गर्नुपर्ने भएकोले नियमानुसार उपयोग गर्न पाउने गरी वा प्राप्त गराइ पाउन यो आवेदन पेश गरिएको छ ।

**तपसिल**

संगठित सस्था भए सो संस्थाको छाप

सम्बन्धीत व्यक्ति वा संगठित  संस्थाको तर्फबाट दरखास्त दिनेको नाम र थर:

सही:

पद:

ठेगाना:

०७५।०३।०८

महाकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, दार्चुला सुदुर पश्चिम प्रदेश